मिति २०८२/०३/०८ को ६३ औं कार्यपालिका बैठकको उपस्थिति

दोश्रो कार्यकालको ६३ औं बैठक

मितिः २०८२/०३/०८

अपरान्ह ३.०० बजे

आज मिति २०८२/०३/०८ गते आईतवार चाँगुनारायण नगरपालिकाका नगर प्रमुख श्री जीवन खत्रीज्यूको अध्यक्षतामा चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको दोश्रो कार्यकालको ६३ औं बैठक नगरकोट हल, खरिपाटीमा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसियो।

क. <u>उपस्थिति</u>

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर
१.	श्री जीवन खत्री	नगर प्रमुख	
२.	श्री रमेश बुढाथोकी	नगर उप-प्रमुख	
३.	श्री सिजन कार्की	वडा अध्यक्ष, वडा नं. १	
४.	श्री सोमप्रसाद प्रधान	वडा अध्यक्ष, वडा नं. २	
५.	श्री श्यामसुन्दर धिमाल	वडा अध्यक्ष, वडा नं. ३	
६.	श्री रोजबहादुर तामाङ	वडा अध्यक्ष, वडा नं. ४	
७.	श्री जयन्द्र खड्का	वडा अध्यक्ष, वडा नं. ५	
८.	श्री धनबहादुर लामा	वडा अध्यक्ष, वडा नं. ६	
९.	श्री श्यामकृष्ण नयाँजु श्रेष्ठ	वडा अध्यक्ष, वडा नं. ७	
१०.	श्री जनक खत्री	वडा अध्यक्ष, वडा नं. ८	
११.	श्री गणेश त्यात	वडा अध्यक्ष, वडा नं. ९	
१२.	श्री पुजा बर्देवा	कार्यपालिका सदस्य	
१३.	श्री निर्मला के.सी.	कार्यपालिका सदस्य	
१४.	श्री सोनु विश्वकर्मा	कार्यपालिका सदस्य	

मिति २०८२/०३/०८ को ६३ औं कार्यपालिका बैठकको उपस्थिति

	श्री सितादेवी दाहाल (लामिछाने)	कार्यपालिका सदस्य	
	श्री कमला भारती (गिरी)	कार्यपालिका सदस्य	
	श्री जीवन नेपाली	कार्यपालिका सदस्य	
	श्री दधिराम धिमाल	कार्यपालिका सदस्य	
	श्री युवराज सार्की (बयलकोटी)	कार्यपालिका सदस्य	
	श्री मोहनकुमार श्रेष्ठ	प्र.प्र.अ./सदस्य-सचिव	

मन्त्रित

	सुरज पटेल	अधिकृत	

मिति २०८२/०३/०८ को ६३ औं कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु

१. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।
३. कर तथा गैरकर राजश्व उठाउने र लगाउने सम्बन्धी विधेयक, २०८२ सम्बन्धमा ।
४. विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।
५. बजेट वक्तव्य सम्बन्धमा सम्बन्धमा ।
६. शिक्षा ऐनको संशोधन विधेयक, २०८२ सम्बन्धमा ।
७. नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन विधेयक २०८२ सम्बन्धमा ।
८. विपद जोखिम न्युनिकरणको लागि राहत उद्धार सामग्री व्यवस्थापन सम्बन्धमा ।
९. कार्यादेश बमोजिम समयमा सम्पन्न हुन नसकेका योजनाको म्याद थप सम्बन्धमा ।
१०. खानीजन्य पदार्थको निकासी तथा व्यवस्थापन सम्बन्धमा ।
११. आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. बाट प्राप्त निवेदन सम्बन्धमा ।
१२. ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।
१३. विभिन्न योजनाको स्रोतान्तर सम्बन्धमा ।
१४. विविध
    - क. स्मारिका प्रकाशन सम्बन्धमा ।
    - ख. अ.दु.अ.आ.र हेलो सरकारबाट आएका सुझाव तथा गुनासो सम्बन्धमा ।
    - ग. आर्थिक सहयोग सम्बन्धमा ।
    - घ. योजना संशोधन ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८२/०८३ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पारित भई पेश हुन आएको संलग्न आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम माथि थप छलफल गरी मिति २०८२/०३/०९ गतेको कार्यपालिका बैठकमा पुन छलफलको लागि पेश गर्ने ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक बर्ष २०८२/०८३ को लागि स्थानीय राजस्व परामर्श समितिको छलफल तथा निर्णयानुसार पेश हुन आएको संलग्न आर्थिक विधेयक, २०८२ नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

जीवन खत्री
नगर प्रमुख

मोहनकुमार शेष
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक बर्ष २०८२/०८३ को लागि स्थानीय राजस्व परामर्श समितिको छलफल तथा निर्णयानुसार पेश हुन आएको संलग्न कर तथा गैरकर राजश्व उठाउने र लगाउने सम्बन्धी विधेयक, २०८२ नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने ।

. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक बर्ष २०८२/०८३ को लागि श्रोत अनुमान तथा राजस्व सीमा निर्धारण समितिको छलफल तथा निर्णयानुसार पेश हुन आएको संलग्न विनियोजन विधेयक, २०८२ नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने ।

.. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक बर्ष २०८२/०८३ को लागि श्रोत अनुमान तथा राजस्व सीमा निर्धारण समितिको छलफल तथा निर्णयानुसार पेश हुन आएको संलग्न आ.व. २०८२/०८३ को बजेट वक्तव्य नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा शिक्षा ऐन, २०७४ मा भएको व्यवस्थालाई समसामयिक तुल्याउन विद्यायन समितिको बैठकबाट निर्णय भई पेश हुन आएको संलग्न शिक्षा ऐन, २०७४ छैठौं संशोधन विधेयक, २०८२ नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा व्यवस्थालाई नगर प्रहरी बललाई व्यवस्थित तुल्याउन विद्यायन समितिको बैठकबाट निर्णय भई पेश हुन आएको संलग्न नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन विधेयक, २०८२ माथि थप छलफल गरी मिति २८२/०३/०९ गतेको कार्यपालिका बैठकमा पुन छलफलको लागि पेश गर्ने ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस बर्षको मनसुन प्रारम्भ भईसकेको र नगरपालिकाको विभिन्न स्थानमा विपद्जन्य क्षति भएको भनी प्लास्टिक, त्रिपाल, डोरी तथा बोरा लगायतका रोकथामका सामग्री माग भई आएकोले सम्भावित क्षतिलाई समेत मध्ये नजर गर्दै विपद् जोखिम न्युनिकरणको लागि विपद् व्यवस्थापन शीर्षकमा विनियोजित बजेट समेत खर्च भई बाँकी नरहेको हुँदा उपर्युक्त सामग्री विपद् व्यवस्थापनका लागि अन्तरपालिका समन्वय तथा सहकार्य शीर्षकबाट खरिद गरी माग तथा आवश्यकताको आधारमा वितरण गर्ने ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस आर्थिक वर्षमा नगरपालिकाबाट सम्झौता भई उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाको सम्झौता तथा कार्यादेश वमोजिम विविध कारणवश तोकिएको समयमा सम्पन्न हुन नसकेका देहायका आयोजनाहरुको कार्यान्वयन अवधि मिति २०८२ असार १५ गतेसम्म थप गर्ने ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा चाँगुनारायण नगरपालिका क्षेत्रभित्र विगतमा खानी तथा भूगर्भ विभागबाट माइनिङ्ग अनुमति लिई माटो, बालुवा लगायतका खानीजन्य सामग्रीहरु निकासीका लागि तत्कालिन जिल्ला विकास समितिले आय ठेक्का आह्वान गरी निकासी/बिक्री शुल्क समेत संकलन गरी

जीवन खत्री
नगर प्रमुख

माटो, बालुवा लगायतका निर्माण सामेग्री निकासी गर्ने गरेकोमा २०७३ मा स्थानीय तहको गठन भए पश्चात निकासी शुल्क/बिक्री शुल्क संकलनको जिम्मेवारी संविधानत स्थानीय सरकारमा आएकोमा कानूनत सम्बन्धित व्यवसायीहरुको इजाजत पत्र नविकरण नभएको, माइनिङ्ग अनुमतिको अवधि समाप्त भएको र माटो, बालुवा उत्खनन् हुने स्थानको प्रारम्भिक वातावरणीय परीक्षण समेत हुन नसकेको विद्यमान अवस्था एकातिर छ भने अर्को तर्फ नगरपालिकाले आन्तरिक आयश्रोत गुमाउन पुगेको अवस्था छ । सम्बन्धित व्यवसायीहरुले उत्खनन तथा निकासी खुलाउन पटक पटक नगरपालिकामा मौखिक तथा लिखित रुपमा अनुरोध गर्ने गरेको निकासी खुलाउन अनुमति दिन नसकिएको र दिनानुदिन अवैध तरिकाबाट माटो बालुवा लगायतका निर्माण समाग्रीको चोरी निकासी भइरहेको भन्ने व्यापक जनगुनासोहरु समेत आइरहेको हुँदा नगरपालिकाको आम्दानीको मुख्य श्रोतको रुपमा रहेको खानीजन्य निर्माण सामग्री कानून अनुसार कर लगाई निकासी गरी नगरपालिकाको आयश्रोत वृद्धि गर्न र खानीजन्य क्षेत्रको समस्याको समाधानका लागि देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी खानीजन्य निर्माण सामग्री निकासी समस्या समाधान सुझाव समिति गठन गरी २०८२ साउन मसान्तभित्र समितिले सुझाव सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

क. विगतमा स्थानीय तह घोषणा हुनु अघि र स्थानीय तह घोषणा भए पश्चात नगरपालिका भित्रका क्षेत्रबाट खानीजन्य सामग्री निकासीको व्यवस्था,
ख. खानीजन्य सामग्री निकासीको लागि विद्यमान कानूनी व्यवस्था,
ग. खानीजन्य सामग्री निकासीका लागि अन्य स्थानीय तहले गरिरहेको अभ्यास,
घ. खानी क्षेत्रको विद्यमान वातावरणीय तथा भौगोलिक अवस्था,
ङ. समस्या समाधानको लागि अल्पकालमा गर्न सकिने उपाय/सुझाव र
च. समस्या समाधानको लागि दिर्घकालमा गर्न सकिने उपाय/सुझाव ।

समस्या समाधान सुझाव समिति

संयोजक	- नगर उप-प्रमुख
सदस्य	- संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति
सदस्य	- ४ नं. वडा अध्यक्ष
सदस्य	- कानून अधिकृत, विद्यायन तथा कानूनी मामिला शाखा
सदस्य	- वातावरण इन्जिनियर
सदस्य	- प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख वा प्रतिनिधि।
सदस्य सचिव	- राजस्व प्रशासन शाखा प्रमुख वा प्रतिनिधि।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. लाई चाँगुनारायण नगरपालिका वडा नं ५ मा जग्गाधनी ईश्वर थापा समेतको नामका विभिन्न कित्ता जग्गाहरु सम्याउन र सम्याउँदा बढी हुने निर्माण सामग्री (माटो, बालुवा) बिक्री वितरणका लागि मिति २०७८/१२/१४ गतेको निर्णयानुसार च.नं. ५५०७ मिति २०७८/१२/१५ गतेको पत्रबाट जग्गा सम्याउने प्रकृया

अगाडी बढाउनका लागि रु ९,२७५,३८५/- (अक्षेरपी बयानब्बे लाख पचहत्तर हजार तीन सय पचासी रुपैया मात्र) चाँगुनारयण नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरी निर्माण सामग्री विक्री वितरणका लागि आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. को विलमा नगरपालिकाको छाप लगाई अनुमति प्रदान गरिएको, आर्थिक बर्ष २०७८/०७९ मा आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. ले जग्गा सम्याउने कार्य सुरु गर्न नै नसकेको अवस्थामा चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०८/२६ गतेको निर्णयानुसार आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. ले आ.व. २०७८/०७९ मा रकम जम्मा गरी कार्य नगरेको हुँदा अघिल्लो आ.व मा कम्पनीले राजस्व तिरेको रकम वरावरको विलमा छाप लगाई कार्य गर्न दिने भनी निर्णय भए अनुसार कार्यपालिकाको निर्णयानुसार मिति २०७९/०९/०६ गतेको पत्रानुसार कार्य सुचारु गर्न अनुमति प्रदान गरिएको, अनुमति पश्चात नगरपालिकाले तोकेको शर्त विपरित कम्पनीले कार्य गर्दा लापरबाही गरेको भन्ने व्यापक जनगुनासो आए पश्चात स्थलगत अनुगमन गर्दा गुनासो मनासिव देखिएको हुँदा यस नगरपालिको मिति २०७९/११/१८ को पत्रबाट आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. लाई जग्गा सम्याउने कार्यको लागि दिइएको अनुमति रद्द गरिएकोमा आगञ्जा कन्स्ट्रक्सन कम्पनि प्रा. लि. को २०८२/०३/०४ को पत्रबाट काम कारबाही सुचारु गर्न अनुमति पाउँ अथवा दाखिला रकम फिर्ता पाउँ भनी निवेदन पेश भएकोमा नगरपालिकाको आन्तरिक राजस्व खातामा आ.व. ०७९/०८० मा जम्मा भएको रकम फिर्ता गर्न तथा काम कारबाही सुचारु गराउन समेत नसकिने भएकोले सम्बन्धित निवेदकलाई सोही वेहोराको जानकारी गराउने ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०८२/०२/३० को कार्यपालिका बैठकमा स्वीकृतिको लागि पेश भएको ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ माथि छलफल गरी स्वीकृत राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस आ.व. मा आन्तरिक श्रोत अन्तर्गत कार्यान्वयन हुने गरी विनियोजन भई कार्यान्वयन भएका र श्रोत अभावका कारण भुक्तानी हुन नसकेका देहाय बमोजिम योजना तथा कार्यक्रमहरुका लागि संघीय तथा प्रदेश सरकार समानिकरण तथा राजश्व बाँडफाँड श्रोतबाट कार्यान्वयन हुने गरी कार्यदिश लिई कार्यान्वयनका चरणमा गएका र यस आ.व. मा कार्य सम्पन्न हुन नसकी आगामी आर्थिक वर्षका लागि दायित्व सर्ने देहायका योजनाबाट श्रोतान्तर गरी भुक्तानी गर्ने। साथै दायित्व सर्ने योजनाका लागि भुक्तानी भएका तत् तत् शीर्षकबाट श्रोत व्यवस्थापन गर्ने ।

देहाय:

क्र.सं.	योजना तथा कार्यक्रमको नाम	श्रोत	जम्मा रकम	श्रोतान्तर गरिने रकम
१.	घट्टेखोला खस्याङ खुसुङ खोला करिडोर निर्माण	नेपाल सरकार समानिकरण अनुदान	२४४००००० /-	१४४००००० /-
२.	वडा चक्रपथ निर्माण चा.न.पा. १	नेपाल सरकार समानिकरण अनुदान	१०००००० /-	८००००० /-

जीवन खत्री
प्रमुख

३.	रिक्रियसन निर्माण चा.न.पा ३ कालेडोल	प्रदेश सरकार राजश्व बाँडफाँट	१०००००००/-	३०००००/-
४.	फोहोरमैला व्यवस्थापन गर्न व्याकहो लोडर र मिनि टिपर खरिद	प्रदेश सरकार राजश्व बाँडफाँट	५०००००/-	४०००००/-
५.	फैढोका सोडोल माथिल्लो नेम्हाफुकी खड्का वुढाथोकी हुँदै गोठालो चौर सम्म सडक स्तरोन्ती	नेपाल सरकार समानिकरण तथा प्रदेश सरकार राजश्व बाँडफाड	१०००००००/-	७०००००/-
६.	खास्याङ्ग खुसुङ्ग खोला देखि के.एम.सी. होस्टल असल छिमेकी दोखातिला कुलो हुँदै देवि मा.वि. सामुदायिक भवन दुवाकोट मूल सडकसम्म	राजश्व बाँडफाड प्रदेश	१०००००००/-	३०००००/-
७.	आरक्षण आरुबारी दुलालगाँउ सडक र चाँपाबोट देबी डाँडा शाखकर्मी टोल	नेपाल सरकार समानिकरण अनुदान	१५०००००/-	७५००००/-

श्रोतान्तर गरी भुक्तानी गरिने योजना तथा कार्यक्रम

सि.नं	योजना कार्यक्रमको नाम	रकम रु.	श्रोत
१.	दुलालगाँउ सडक स्तरउन्नती	१० लाख	आन्तरिक श्रोत
२.	फुलबारी खोल्सा सडक स्तरउन्नती	३ लाख	आन्तरिक श्रोत
३.	चा.न.पा ४ भसन्थलीबाट पोटे भैरव जाने बाटो	७ लाख	आन्तरिक श्रोत
४.	रामकृष्णको घर मुनि पहिरो नियन्त्रण ढलान	५ लाख	आन्तरिक श्रोत
५.	खत्रीटोल खानेपानी	१० लाख	आन्तरिक श्रोत
६.	पिकनिक स्पोर्ट नारायण धारा कापाहिटि सडक	५ लाख	आन्तरिक श्रोत
७.	माझटोल बस्तीमुनि पुरानो छाप्रोबाट आईतबारे खोल्चा सडक	१४ लाख	आन्तरिक श्रोत
८.	न्यौपाने गाँउ पाँचघर चौतारोमा छान र रेलिङ	५ लाख	आन्तरिक श्रोत
९.	चालिसेबाट पगरिटोल जाने बाटो पर्खाल	५ लाख	आन्तरिक श्रोत
१०.	सानो ड्यामदेखि देवीस्थान झाप्रो सडक	४ लाख	आन्तरिक श्रोत
११.	पशुपति मन्दिर १०८ शिवलिङ्ग ढुङ्गा विछ्याउने	५ लाख	आन्तरिक श्रोत
१२.	माथ्लो हाईट खड्का टोलहुँदै पानाबोट जाने बाटो निर्माण	५ लाख	आन्तरिक श्रोत
१३.	नगरकोट फेदी ठाडो बाटो ढलान	५ लाख	आन्तरिक श्रोत
१४.	दाहालगाँउ पिपलबोट ओरालो सडक स्तरउन्नती	५ लाख	आन्तरिक श्रोत
१५.	मुहानपोखरी ट्रष्ट निर्माण	५ लाख	आन्तरिक श्रोत
१६.	अधिकारी गाँउ कोटेढुङ्गा सडक निर्माण	५ लाख	आन्तरिक श्रोत
१७.	मन्दिरदेखि कुम्पाक जाने सडक कालोपत्रे (ठेक्का)	४५ लाख	आन्तरिक श्रोत
१८.	खर्क पँधेरोबाट बाहुने पोखरी कृषि सडक	२० लाख	आन्तरिक श्रोत
१९.	भन्ज्याङ डाँडागाँउ हुँदै मणिकर्निका धाम जाने सडक	७ लाख	आन्तरिक श्रोत

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

जीवन खत्री
नगर प्रमुख

मिति २०८३/०३/०८ को ६३ औं कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

२०.	सामुदायिक भवन (नाइबु) निर्माण	१० लाख	आन्तरिक श्रोत
२१.	हाकिमचोक हुडल खोल्चीहुदैं ढिकुरेपाटी मुहानपोखरी निस्कने बाटो	१० लाख	आन्तरिक श्रोत
२२.	शिव मन्दिर फैढोकामा विभिन्न कार्य गर्ने	१० लाख	आन्तरिक श्रोत
२३.	हरि नेपालको घर पूर्व नाब्ला राजकुलोको भुक्षय नियन्त्रण	१२ लाख	विपद्
२४.	लामाटोल खानेपानी पुन निर्माण	४ लाख	विपद्
२५.	जारी डाँडा पहिरो नियन्त्रण	४ लाख	विपद्
२६.	सुन्दरदेवी मन्दिर परिसरको पहिरो रोकथाम	६ लाख	विपद्
२७.	पिपलबोट खानेपानी ट्याङ्की नजिक पहिरो नियन्त्रण	३ लाख	विपद्
२८.	हर्षपुर हलाल गाँउ पिपलबोट सडक पहिरो रोकथाम	५ लाख	विपद्
२९.	देवी मावि परिसरको पहिरो रोकथाम तथा नियन्त्रण	३ लाख	विपद्
३०.	सरस्वती सामुदायिक वन भुक्षय नियन्त्रण	५ लाख	विपद्
३१.	खारखुट्टे पुल बगाएको कारण शिवहरी सिरीको घर जोखिम न्युनिकरण योजना	६ लाख	विपद्
३२.	श्री विनायक सरस्वती आधारभुत विद्यालय परिसरामा पहिरो रोकथाम तथा नियन्त्रण	६ लाख	विपद्
३३.	दक्षिणकाली मन्दिर परिसरको पहिरो रोकथाम तथा नियन्त्रण	३ लाख	विपद्
३४.	डेकोचाबाट मिलि चा.न.पा-३ जाने बाटोको पुल मर्मत तथा ढल निकास व्यवस्थापन समिति	७ लाख	विपद्
३५.	ब्रम्हायणी कुम्पाखा सडक निर्माण	५ लाख	विपद्
३६.	पानीघाट पहिरो नियन्त्रण	१० लाख	आन्तरिक श्रोत
३७.	मयेलबोट ढिकुरेपाटी निर्माण	३ लाख	आन्तरिक श्रोत
३८.	फसिन्टार भोला बुढाथोकीको घर बाट दक्षिण जाने सडक	१० लाख	आन्तरिक श्रोत
३९.	सनराईजबाट नविन टोल जाने सडक नाली निर्माण	७ लाख	आन्तरिक श्रोत
४०.	सिमको ठाडो बोट हुदैं शंखरापुर जाने पुलमुनी पहिरो नियन्त्रण	३ लाख	विपद्
४१.	गडगडे आ.वि.शौचालय तथा पर्खाल मर्मत संभार	४ लाख	विपद्
४२.	गौरी गाँउ उत्तर तर्फ पहिरो नियन्त्रण	५ लाख	आन्तरिक श्रोत
४३.	च्यानेपाखो काब्राको बोट फुयालगाँउ सडक	३ लाख	आन्तरिक श्रोत
४४.	विन्धवासिनी मन्दिर परिसरको पहिरो रोकथाम तथा नियन्त्रण	३ लाख	विपद्
४५.	गुभु खोला बैकल्पिक सडक निर्माण एव रन्जितकार टोल बस्ती संरक्षण कार्य	१० लाख	आन्तरिक श्रोत
४६.	काभ्रे खोला सडक पहिरो नियन्त्रण	५ लाख	आन्तरिक श्रोत
४७.	भिर क्याफेबाट डाँडाटोल घर जाने बाटो पहिरो रोकथाम निर्माण	५ लाख	विपद्
४८.	वडा कार्यालय लप्टन डाँडा तामाङ गाउ ज्योतिर्लिङ्गेश्वर भलखलक ४ नं. चक्रपथ सडक निर्माण	३ लाख	आन्तरिक श्रोत
४९.	के. एम. सी. फैढोका चा. न. पा. १ वडा सरस्वति खेल बसपार्क सोम्थाली स्यालडाँडा सडक	२२ लाख ५० हजार	आन्तरिक श्रोत
५०.	नगर सभा सञ्चालन खर्च	२५ लाख	आन्तरिक श्रोत

१४. प्रस्ताव नं. १४ विविधको (क) माथि छलफल गर्दा विभिन्न व्यक्ति तथा निकायबाट सहयोग माग भई आएकोमा देहायका व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

तोयमकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

जीवन खत्री
नगर प्रमुख

मिति २०८३/०३/०८ को ६३ औं कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

देहाय:

सि.नं.	नामथर तथा ठेगाना	वापत/विवरण	रकम रु.	शीर्षक
१	रबिनकुमार तामाङ्ग चाँगुनारायण-६	उपचार सहयोग	१५,०००।	विपन्न नागरिक उपचार सहायता खर्च
२	भक्तपुर उद्योग वाणिज्य संघ भक्पुर	मेला पर्व खर्च	१,००,०००।	मेला सत्चालन खर्च
३	श्रीमानको उपचारको लागि रिना खत्री चौं.न.पा. ७	उपचार सहायता	५०,०००।	विपन्न नागरिक उपचार सहायता खर्च

१५. प्रस्ताव नं. १४ विविधको (ख) माथि छलफल गर्दा पि.ए. मिडिया एण्ड एडभर्टाईजिङ प्रा.लि. भक्तपुरबाट नगरपालिका बारेको स्मारिका प्रकाशन वापतको खर्च रकम रु. ६४९,७५०/- भूक्तानी गर्ने ।

१६. प्रस्ताव नं. १४ विविधको (ग) माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेलो सरकारमा नगरपालिका बारेको गुनासो गरी गरिएका विभिन्न विषय सम्बन्धी गुनासोहरु अवगत भई सम्बोधन गर्ने ।

१७. प्रस्ताव नं. १४ विविधको (घ) माथि छलफल गर्दा देहायको योजना/कार्यक्रम यथास्थितिमा कार्यान्वयन गर्न कठिनाई हुने र पर्यटन प्रबर्द्धन सम्बद्ध देहायको कार्यक्रमको रुपमा शीर्षक परिवर्तन गरी कार्यान्वयन गर्दा कार्यक्रमको प्रभावकारिता अभिबृद्धि हुने हुँदा देहाय बमोजिम शीर्षकान्तर गरी कार्यान्वयन गर्ने ।

देहाय:

क्र.स	साविकको कार्यक्रम	विनियोजित रकम रु.	संशोधित योजना	वजेट
१.	नगर क्षेत्र भित्रका मठ मन्दिर चिनारी पुस्तिका	५,००,०००।	साइकल र्याली	४,००,०००।
२.	स्थानिय पथपर्दशक तालिम	५,००,०००।	नगरकोट साहित्यिक महोत्सव	६,००,०००।
	१०,००,०००।			१०,००,०००।

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

जीवन खत्री
नगर प्रमुख